नेपाल सरकार
**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**
# राजस्व अनुसन्धान विभाग

हरिहरभवन,पुल्चोक
ललितपुर

## प्रेस विज्ञप्ति

**मितिः- २०७९।०५।०६**

राजस्व अनुसन्धान कार्यालय बुटवलबाट निम्न विवरण सहितको राजस्व चुहावट सम्बन्धी मुद्दा उच्च अदालत तुलसीपुर बुटवल ईजलास, बुटवलमा मिति २०७९।०५।०५ मा दायर गरिएको छ।

१. **अभियुक्तको विवरणः**

- भारत, सिछिया हिवान चैलाहा, सिंघिया हिवान, अजगरी, मोतिहारी, पूर्वी चम्पारण, विहार भई जिल्ला रुपन्देही बुटवल उपमहानगरपालिका वडा नं. ६, मैत्रीपथ, बुटवलमा संचालित रौनक सिरक डसना पसल (स्था.ले.नं. ६०७७०१८८१) का प्रोप्राइटर फिरोज अहमद ।
- भारत, विहार राज्य, पूर्वी चम्पारनको मोतिहारीको वनविरुवा जिल्ला रुपन्देही बुटवल उपमहानगरपालिका वडा नं. ६, मैत्रीपथ, बुटवलमा संचालित रौनक सिरक डसना पसल (स्था.ले.नं. ६०७७०१८८१) का प्रोप्राइटर वसिर मिया ।

२. **कसुरको संक्षिप्त विवरणः**

प्रतिवादीहरु फिरोज अहमद र वसिर मियाले आफ्नो फर्म रौनक सिरक डसना पसल (स्था.ले.नं. ६०७७०१८८१) को सम्पूर्ण कारोबार अनुसारको विवरण पेश नगरी, नियमानुसार मु.अ.करमा दर्ता भई कारोबार गर्नु पर्नेमा सो नगरी, मु.अ.कर दाखिला गर्नुपर्नेमा सो नगरी कारोबार समेत लुकाई कारोबारबाट प्राप्त रकम मध्ये केही रकम आधिकारिक कारोबारमा समावेश गर्ने तर ठूलो परिमाणको बिक्रीलाई कारोबार भन्दा बाहिर राखी आयकर तथा मू.अ.कर छलि गरी राजस्व चुहावट गरेको

३. **कायम भएको विगो र सजायको मागदाविः**

प्रतिवादीहरु रौनक सिरक डसना पसल (स्था.ले.नं. ६०७७०१८८१) का प्रोप्राइटर फिरोज अहमद र वसिर मियाले आफ्नो फर्मको सम्पूर्ण कारोबार अनुसारको विवरण पेश नगरी, नियमानुसार मु.अ.करमा दर्ता भई कारोबार गर्नु पर्नेमा सो नगरी, मु.अ.कर दाखिला गर्नुपर्नेमा सो नगरी कारोबार समेत लुकाई कारोबारबाट प्राप्त रकम मध्ये केही रकम आधिकारिक कारोबारमा समावेश गर्ने तर ठूलो परिमाणको बिक्रीलाई कारोबार भन्दा बाहिर राखी आयकर तथा मू.अ.कर छलि गरी राजस्व चुहावट गरेको हुँदा **भन्सार चोरी पैठारी तर्फ आ.व. ०७६/०७७ मा रु.२,९८,००४।-, मु.अ.कर तर्फको रु. ३०,१२,८०३।- र आयकर तर्फ रु. १,०२,८४१।-** गरी **जम्मा बिगो रकम रु. ३४,१३,६४८।- (चौतीस लाख तेह्र हजार छ सय अढ्चालीस मात्र)** राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (पहिलो संसोधन, २०७६) को दफा २३(१) बमोजिम असुल गरी शत प्रतिशत जरिवाना तथा सोही दफा २३ को उपदफा (१)(क) बमोजिमको हदैसम्मको कैद र उपदफा ४ बमोजिमको ब्याज समेत असूल हुन लिई श्री उच्च अदालत तुलसीपुर बुटवल ईजलास, बुटवलमा मुद्दा दायर गरिएको छ।

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**